

# विश्व

**परम्परा**
चीनको हुनान प्रान्तको फेंगहुआङमा ड्रागन डुंगा महोत्सवमा तुओजियाङ नदीमा हाँस समाउँदै सहभागी पुरुष।



**शितलता**
रुसको सोचीस्थित फिस्ट स्टेडियम नजिकै पानीमा हाम्फाल्दै एक व्यक्ति।



2018, JUN Sunday 24

विश्व २ मिनेट

## इथियोपिया

### ग्यालीमा ग्रिनेड आक्रमण

अदिस अबाबा, (एजेन्सी)

इथियोपियाका नयाँ प्रधानमन्त्री अबिय अहमेदको समर्थनमा आयोजित ग्यालीमा भएको विस्फोटनमा एकको मृत्यु भएको इथियोपियाली अधिकारीले बताएका छन्। यसअघि अबियले कैयौंको मृत्यु भएको बताएका थिए। इथियोपियाको एकतालाई हेर्न नचाहने शक्तिले गरेको असफल प्रयास भएको उनले बताएका थिए। विस्फोटलगत्तै उनी त्यहाँबाट गएका थिए। अदिस अबाबाको मेस्केल स्क्वायरमा हजारौंको भीडमा ग्रिनेड फ्याकिएको थियो। विस्फोटमा १ सय ५४ जना घाइते भएको र १० जनाको अवस्था गम्भीर रहेको स्वास्थ्मन्त्रीले ट्विटमार्फत् जानकारी दिएका छन्।

## पाकिस्तान

### युवती बलात्कार

कराँची, (एजेन्सी)

पाकिस्तानको बन्दरगाह सहर कराँचीमा २१ वर्षीया युवतीलाई ३ व्यक्तिले बन्दुक तेर्स्याइ अपहरण गरी बलात्कार गरेको प्रहरीले बताएको छ। युवतीलाई एक बसपार्कबाट परिवार सदस्यबीचबाटै अपहरण गरी सामूहिक बलात्कार गरिएको प्रहरीले जानकारी दिए। अपहरणकारीले पछि युवतीलाई उनको घर नजिक छाडेका थिए। युवतीका पिताले प्रहरीसमक्ष दिएको उजुरीमा १ संदिग्ध उनको छिमेकी भएको बताएका छन्। चिकित्सकीय जाँचमा बलात्कारको पुष्टि भएको प्रहरीले बताए। प्रहरीले छानविन शुरू गरिसकेको र १ संदिग्धलाई पक्राउ गरिएको बताइएको छ।

## तान्जानिया

### गीत प्रतिबन्ध

डोडोमा, (एजेन्सी)

तान्जानियाका विपक्षी सांसद जोसेफ मबिलिनीले देशको जेलमा बनाएको ग्याप गीतलाई प्रतिबन्ध लगाएकामा सरकारविरुद्ध मुद्दा गर्ने भएको छ। देशको कला परिषद्ले 'बसाटा' ले सार्वजनिक हिंसा बढाउने शब्दको प्रयोग गरेकाले उक्त गीतमाथि प्रतिबन्ध लगाएको थियो। मबिलिनीलाई एमसी सुगु नामले चिनिन्छ। उक्त गीत उनको पक्राउपछि चुहावट भएको थियो। सुगुलाई राष्ट्रपति जोन मागुफुलीको मानहानी गरेको आरोपमा जेलमा राखिएको थियो। यस प्रतिबन्धले अभिव्यक्तिको स्वतन्त्रतामा पनि प्रश्न उठेको छ। कला परिषद् बसाटाले उक्त गीतविरुद्ध सर्वसाधारणले आपत्ति जनाएको जनाएको छ।

## चीन

### पाठ्यक्रममा 'सी विचार'

बेइजिङ, (एजेन्सी)

चिनियाँ विश्वविद्यालयमा राष्ट्रपति सी जिन पिङका विचारलाई पाठ्यक्रममा प्राथमिकताका साथ समावेश गर्ने भएको छ। अन्तरक्रियात्मक अनलाइन कोर्स, फेलोसिप तथा नयाँ सोध संस्थान समेटिएको यी विश्वविद्यालयले देश र विश्वमा राष्ट्रपति सीका विचारलाई प्रबर्द्धन गर्ने दिशामा काम गरिरहेको छ। गत अक्टोबरदेखि नै देशभरिका विश्वविद्यालयमा 'सीका विचार'लाई आफ्नो पाठ्यक्रममा मुख्य हिस्साका रुपमा समावेश गरिसकेको छ। माओ युग समाप्त भएपछि पहिलो पटक सीलाई प्राज्ञिकरुपमा यति धेरै महत्त्व दिइएको हो।

# ट्रम्पद्वारा आप्रवासीबाट मारिएका परिवारसँग भेटघाट




वासिङ्टन, (एजेन्सी)

आप्रवासीसम्बन्धी आफ्नो नीतिका कारण आलोचित भइरहेका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अवैध आप्रवासीको हातबाट मारिएकाहरूको परिवार सदस्यसँग भेटेका छन्।

एन्जेल फेमिलिज नामक उक्त समूहलाई राष्ट्रपति ट्रम्पले ह्वाइट हाउसमा आमन्त्रित गरेका थिए। उनले त्यहाँ भेला भएका पीडित सदस्यलाई उनीहरूका प्रियजनको मृत्यु व्यर्थ नजाने बताए। २ हजारभन्दा धेरै आप्रवासी बालबालिकालाई उनका मातापिताबाट अलग गरेका कारण अमेरिकी राष्ट्रपति ट्रम्पको व्यापक आलोचना भएको थियो। जनताको व्यापक दबाबपछि उनले आफ्नो नीतिमा परिवर्तन गर्नुपरेको थियो। अवैध आप्रवासीको हातबाट मारिएकाको परिवार सदस्यसँगको भेटघाटमा ट्रम्पले भने- 'यी ती अमेरिकी नागरिक हुन् जो सधैंका लागि आफ्ना प्रियजनसँग टाढा भएका छन्', राष्ट्रपति ट्रम्पले भने- 'यीनीहरूले जुन पीडा सहेका छन्, त्यो त्यत्तिकै व्यर्थ जाँदैन। ३ वर्ष अगाडि जब हामी साथै थियौं, त्यतिबेला पहिलो दिनमै मैले भनेको थिएँ- म तपाईंहरूलाई हेरिरहेको छु, सुनिरहेको छु र तपाईंको यो बलिदानलाई खेर जान दिन्न, तपाईंहरूलाई निरास पार्दिन। हामी यी बहादुर अमेरिकीलाई एन्जेल फेमिलीले सम्बोधन गर्छौं।' अमेरिकी राष्ट्रपतिले योभन्दा खराब कल्पना गर्न नसक्ने बताउँदै कार्यक्रममा सहभागी बन्न आएका परिवार सदस्य पक्षमा आफू सधैं उभिने बताए।

उक्त कार्यक्रममा सहभागी बनेका लारा विल्करसनले सन् २०१० मा आफ्नो छोरा गुमाएकी थिइन्। उनका छोराको एक अवैध आप्रवासीले हत्या गरेको थियो। लारा आफूसँगै आफ्ना छोराको तस्वीर लिएर आएकी थिइन्।

दुवै हातले छोराको तस्वीर समाउँदै उनले भनिन्- 'उमाथि अत्यन्तै नराम्रो भएको थियो। उसको शोषण गरियो, शरीरको विभिन्न ठाउँमा घाउ बनाइयो र हत्यापछि उसलाई जलाइदियो। यहाँ उपस्थित सबै परिवारजनमध्ये कसैले पनि आफ्ना बच्चालाई अन्तिम बिदाइ पनि बोल्ने मौका पाएनन्। हामी त्यति धेरै भाग्यशाली थिएनौ कि मात्र ५ वा १० दिनका लागि आफ्ना बच्चासँग अलग भएका हौं। हामीले सधैंका लागि उनीहरूसँग अलग हुनु पर्‍यो।' ट्रम्पले मेमा आफ्नो जिरो टोलरेन्स नीतिको शुरुवात गरेका थिए। जसको लागू गर्ने क्रममा अवैध आप्रवासीका करिब २ हजार ३ सय बच्चालाई उनका परिवारसँग अलग गरिएको थियो।

ती बच्चा स्वास्थ्य तथा मानव सेवा विभागको तर्फबाट चलाइएको केन्द्रमा राखिएका छन्। यसमा कैयौं बच्चाको उमेर ५ वर्षभन्दा कम थियो। ट्रम्पको यस नीतिको चौतर्फी निन्दा भएपछि गत बुधबार उनले यसलाई रोक्ने निर्णय लिएका थिए।

# मेलानियाले लगाएको ज्याकेट सन्देश विवादमा



वासिङ्टन (एजेन्सी)

अमेरिकी प्रथम महिला मेलानिया ट्रम्प उनले लगाएको ज्याकेटमा लेखिएको सन्देशका कारण सामाजिक सन्जालमा आलोचित भइरहेकी छिन्।

मेलानिया टेक्ससमा आप्रवासी बच्चाका लागि बनाइएको बाल सिविरमा उनीहरूलाई भेट्न पुगेकी थिइन्। त्यतिबेला उनले 'आई रियल्ली डोन्ट केयर, डु यु?' अर्थात् 'मलाई कसैको परवाह छैन, के तपाईंलाई छ?' लेखिएको ज्याकेट लगाएकी थिइन्। उक्त टिप्पणीकै कारण उनी सामाजिक सन्जालमा चर्चामा आइन्। समय र स्थानअनुसार मेलानियाको यो ज्याकेटको छनोटलाई लिएर मानिसले प्रश्न उठाइरहेका छन्। उनले उक्त ज्याकेट लाएकामा उनकी प्रवक्ताले भनिन्- 'पूर्वफेसन मोडलको यो चयनमा कुनै पनि प्रतीकात्मक सन्देश होइन।'

३९ अमेरिकी डलर मूल्यको जारा कम्पनीको उक्त ज्याकेटले अहिले सामाजिक सन्जालमा तहल्का मच्चाएको छ। उनको पक्षमा राष्ट्रपति डोनाल्ड ट्रम्प आफैं ओर्लेका छन्। उनले ट्विटमार्फत उनकी पत्नीको 'आई रियल्ली डोन्ट केयर' लेखिएको ज्याकेट झुठो सञ्चार माध्यमका लागि भएको उल्लेख गरेका छन्। मेलानियालाई मान्छेहरू कति बेइमान छन् भन्ने थाहा भयो र वास्तवमा उनले त्यस्तोलाई वास्ता पनि नगरेको ट्रम्पले भनेका छन्। यसैबीच ट्विटरमा नागरिकले तत्काल मेलानियाको ज्याकेटका विषयमा चर्चा गर्न थाले। एक प्रयोगकर्ता डनिज्कन ग्रिम्सले ट्विटमा मेलानियाले जानिजानी ३० डलर जाने उक्त ज्याकेट लगाएको लेखेका छन्।

ज्याकेट लगाएको तस्वीर भाइरल भएको घन्टौंपछि मेलानिया वासिङ्टन डीसीको एक हवाइ अड्डामा विमानबाट बाहिर निस्कने क्रममा सोही ज्याकेटमा देखिएकी थिइन्। उनी पत्रकारले सोधेका प्रश्नलाई बेवास्ता गर्दै अगाडि बढेकी थिइन्। ट्रम्पका प्रवक्ता स्टेफनी ग्रिसमले मेलानियाको फेसनमा निगरानी राख्नेले अमेरिकी सामाजिक सन्जाल ट्विटरमा आलोचना गरेको बताइन्।

# व्यापार युद्धले चीनको शेयर बजारमा ठूलो गिरावट



बेइजिङ, (एजेन्सी)

चीन र अमेरिकाबीचको व्यापार युद्धले चीनको शेयर बजारमा ठूलो उथलपुथल आएको छ।

जनवरीको तुलनामा सांघाई कम्पोजिट इन्डेक्समा १९ प्रतिशतले गिरावट आइसकेको छ। शुक्रबार यो २ हजार ८ सय उनानब्बे दशमलव ७८ अंकमा बन्द भयो। चीनको शेयर बजारमा शेयरधनीहरू डरले शेयर बेचिरहेका छन् तर कसैले किनिरहेको छैन। चीनको शेयर बजारमा यसप्रकारको उथलपुथल सन् २०१५ मा पहिलो पटक देखिएको थियो। चिनियाँ शेयर बजारमा यस हप्तामात्रै ५ सय १४ अर्ब डलरको नोक्सान भइसकेको साउथ चाइना मर्निङ पोस्टले जनाएको छ। यो स्वीडेनको अर्थव्यवस्था बराबर छ।

यो नोक्सान अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको २ सय अर्ब डलर अतिरिक्त शुल्क लगाउने चेतावनीपछि भएको हो। ट्रम्पको यो चेतावनी चीनले समान कदम चाल्ने धम्की दिएपछि आएको हो।

सांघाई कम्पोजिट गत २ वर्षमा ३४ प्रतिशतले बलियो भएको थियो। ठूला कम्पनीको मुनाफाका कारण यो उतार आएको थियो। चिनियाँ शेयर बजार अहिले व्यापार युद्ध र पुँजीको अभावको दोहोरो मारमा परेको विज्ञहरूले बताएका छन्।

व्यापार युद्धका कारण चिनियाँ शेयर बजारमा विदेशी लगानीकर्तामा अविश्वासको वातावरण उत्पन्न भएको बताइएको छ। मंगलबार मात्रै विदेशी निवेदकले ३ सय ६ अर्ब ३० करोड युआनको शेयर बेचेको र बिहीबार ८३ करोड ४२ लाख युआनको शेयर बेचेको साउथ चाइना पोस्टले जनाएको छ। यस व्यापार युद्धले अमेरिकी शेयर बजारमा पनि असर परेको देख्न सकिन्छ।

अमेरिका तर्फबाट शुरू गरिएको यो युद्ध शीत युद्धको स्थितिमा परिणत हुन सक्ने बताइएको छ। चीन र अमेरिका विश्वका २ सबैभन्दा ठूला अर्थव्यवस्था हुन्। यी २ बीचको तनाव लामो समयसम्म जारी रहेकामा यसले विश्वभरिको अर्थव्यवस्था प्रभावित हुने निश्चित छ।

जापान, भियतनाम र फिलिपिन्सको शेयर बजारमा पनि ठूलो उथलपुथल आएको वालस्ट्रिट जर्नलले जनाएको छ। अमेरिकाले स्टिल र आल्मुनियममा अतिरिक्त शुल्क घोषणा गरेपछि अहिलेसम्ममा विश्वभरिको शेयर बजारमा ७८ खर्ब डलरले गिरावट आइसकेको निक्केइ एसियन रिभ्युले जनाएको छ।

# कोरियाली युद्धमा अलग्गिएका परिवारको पुनर्मिलन

सोल, (एजेन्सी)

उत्तर कोरियाका सर्वोच्च नेता किम जोङ उन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच ऐतिहासिक सिंगापुर वार्तापछि कोरियाली प्रायद्वीपमा सकारात्मक वातावरण बन्दै गएको महसुस गरिएको छ।

उत्तर र दक्षिण कोरियाबीच कोरियाली युद्धका क्रममा अलग्गिएका परिवारलाई पुनर्मिलन गराउने प्रक्रियालाई अगस्टबाट पुनः शुरू गर्न सहमति भएको छ। शुक्रबार विभाजित परिवार पुनर्मिलनका लागि सहमति भएको जनाइएको छ। सन् २०१५ पछि यस प्रकारको भेट पहिलो हुनेछ।

सन् १९५०-५३ को युद्धका क्रममा कोरिया विभाजनमा लाखौं नागरिक आफन्तसँग अलग्गिएका थिए। यसमा धेरैजसो सीमा वारपारका निकट नातेदारहरूको एकआपसमा देखभेट नभइकन र आवाज सुन्न नपाउँदै मृत्यु भइसकेको छ। उक्त युद्धपछि सीमाका दुवैतर्फका नागरिकबीच सबै प्रकारको सञ्चारमा रोक लगाइएको थियो।

गत अप्रिलमा किम र दक्षिण कोरियाली राष्ट्रपति मुन जेइ इनबीचको ऐतिहासिक शिखर सम्मेलनपछि भएको सम्झौता पारिवारिक पुनर्मिलन पनि एक हो। शुक्रबार



दुवै देशका अधिकारी उत्तर कोरियाको माउन्ट कुमगांग रिजोर्टमा भेटे र अगस्टमा पुनर्मिलनका लागि सहमति गरे।

सोल-प्योङयाङको संयुक्त विज्ञप्तिमा पुनर्मिलन अगस्ट २० देखि २६ को बीचमा हुने र त्यसका लागि एक पक्षबाट १ सयलाई चयन गरिने उल्लेख गरिएको छ। उक्त पुनर्मिलन माउन्ट कुमगांग रिजोर्टमा हुने त्यसका लागि दक्षिण कोरियाका अधिकारीले अर्को हप्तादेखि निगरानी शुरू गर्ने बताइएको छ। दक्षिण कोरियाली रेडक्रसमा ५७ हजार नागरिकले बिछडिएका आफन्तसँग भेट्नका लागि पञ्जीकरण गराएको छ। यसमा धेरैजसोको उमेर ७० वर्षभन्दा माथि छ। तीमध्य केही भाग्यशालीले मात्र यो पुनर्मिलनमा आफन्तसँग भेट्न पाउने छन्। उनीहरूका लागि यो अत्यन्त भावुक क्षण हुनेछ। किनभने दशकौंपछिको भेटमा पनि उनीहरूलाई अत्यन्त कम समय दिइएको छ।

पुनर्मिलन कार्यक्रम सन् २००० मा कोरियाली शिखर सम्मेलनपछि शुरू भएको थियो। वर्षमा १ पटक यस्तो कार्यक्रम आयोजना गर्ने योजना बनेको थियो तर तनाव बढ्नुका कारण यसमा व्यवधान आउने गरेको थियो। उत्तर कोरियाले आफ्ना नागरिकलाई सोलले फिर्ता नगरेसम्म पुनर्मिलनका लागि तयार नहुने बताएका थिए। उत्तर कोरियाका कैयौं नागरिक भागेर दक्षिण कोरियामा शरण लिने गरेका छन्।